# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नं. : ०६४४१००४४
इमेल : rm.arughat@gmail.com
info@aarughatmun.gov.np
वेबसाइट : www.aarughatmun.gov.np


## करार सेवामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०६/०८

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्.स. २०७७/०७८, च.नं. १२६, मिति २०७७/०५/२३ को प्राप्त पत्रानुसार हाल विश्वभर कोरोना भाईरस (कोभिड-१९) को संक्रमण फैलिने क्रम आझै बढ्दो स्थिति सृजना हुने सन्दर्भमा संक्रमित बिरामीहरुलाई अस्पताल बेडको अभाब देखिने हुनाले "एक स्थानीय तहमा कम्तिमा ५ बेडको अस्पताल संचालनको लागि आवश्यक बेड लगायतका उपकरण र जनशक्ति व्यवस्थापनको प्रयोजनार्थ स्थानीय तहमा कोभिड -१९ अस्थायी अस्पताल संचानल सम्बन्धी मार्गदर्शन २०७७ मा उल्लेख भए वमोजिम यस गाउँपालिकाको मिति २०७७/०५/२५ गतेको निर्णयअनुसार यस गाउँपालिका भित्र अस्पताल संचालन र व्यवस्थापनको लागि आवश्यक तपशिल वमोजिमका पदमा करार सेवामा देहायको संख्या र योग्यता भएको कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| विज्ञापन नं. | पद नाम | तह | संख्या | शैक्षिक योग्यता | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| 02/077/078 | डाक्टर ( मेडिकल अधिकृत ) | ८ औ | १ | एम.बि.बि. एस कोर्स उत्तीर्ण गरेको, नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको | १००० /- | |
| 03/077/078 | स्टाफ नर्स | ५ औ | २ | पि/सि/एल. नर्सिङ विषयमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको, सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण पत्र | ७००/- | |
| 04/077/078 | कार्यालय सहयोगी | श्रेणी विहिन | १ | सामान्य लेखपढ गर्न जान्ने | ५००/- | |

१) **न्युनतम शैक्षिक योग्यता र अनुभव : ( डाक्टर स्टाफ नर्सको हकमा )**

- नेपाली नागरिक
- सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण पत्र
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको
- माथि उल्लेखित सम्पूर्ण विज्ञापनको उमेर हकमा दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुगी ४० बर्ष ननाघेको, कार्यालय सहयोगीको हकमा १८ बर्ष पुगी ४५ बर्ष ननाघेको हुनुपर्ने छ।
- दरखास्तमा संलग्न गर्नुपर्ने : उम्मेदवार व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित कानुन वमोजिम सम्बन्धित काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ।

२) **उम्मेदवार छनौटका आधारहरु :** लिखित, मौखिक एवम प्रयोगात्मक ( अवश्यकता अनुसार )।

३) **आवेदन दिने तरिका :** उल्लेखित कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक आरुघाट शाखाको खाता नं. ३०६०१००३०१०१०००२ (आन्तरिक राजस्व खाता) मा तोकिएको रकम जम्मा गरी बैंक भौचरको सक्कलै कपि सहित स्वयं उपस्थित हुनु पर्ने छ।

४) **दस्तखत दिने अन्तिम मिति :** २०७७/०६/२२ गते सम्म सोही दिन बिदा परेमा भोलिपल्ट कार्यालय खुल्ने समय भित्र।

५) **सेवा सुविधा :** नेपाल सरकारको नियम अनुसार।

६) **करार अवधि :** सुरु ३ महिना र निर्णयनुसार हुने।

२०७७/६/८

**प्रमुख प्रशासकीय अधिकृत**

# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नं. : ०६४४१००४४
इमेल : rm.arughat@gmail.com
info@aarughatmun.gov.np
वेबसाइट : www.aarughatmun.gov.np


## विभिन्न पदहरु सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित २०७७/०६/०८*

आरुघाट गाउँपालिकाको मिति २०७७/०५/२५ को गाउँ कार्यपालिकाको निर्णय अनुसार यस गाउँपालिका भित्र रहेका आधारभूत स्वास्थ्य केन्द्र संचालनको लागी तपशिल वमोजिमको पदमा जनशक्ति आवश्यक परेको हुनाले योग्यता पुगेको इच्छुक व्यक्तिहरुले रितपुर्वक तोकिएको समयभित्र आवेदन दिनु हुन सम्बन्धित सबैमा सूचना प्रकाशन गरिएको छ।

**पदसंग सम्बन्धित विवरण**

| सि.नं. | विज्ञापन नं | पद | तह | आवश्यक संख्या | आवश्यक शैक्षिक योग्यता | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | 05/077/078 | अ.न.मि. | चौथो | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्ष उत्तीर्ण गरेको र नर्सिङ व्यवसायी परिषदमा दर्ता भएको | ७००/- | |
| २ | 06/077/078 | कार्यालय सहयोगी | श्रेणी विहिन | ४ | सामान्य लेखपढ गर्न जान्ने | ५००/- | |

१. **आवेदन दिने मिति :** यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालयको समयभित्र आवेदन दिनु पर्नेछ।

२. **संलग्न गर्नुपर्ने विवरण ( अ.न.मि.को हकमा ) :** उम्मेदवार व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित कानुन वमोजिम सम्बन्धित काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ।

३. **आवेदन दिने तरिका :** उल्लेखित कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य आरुघाट शाखाको खाता नं. ३०६०१००३०१०१०००२ (आन्तरिक राजस्व खाता) मा तोकिएको रकम जम्मा गरी बैंक भौचरको सक्कलै कपि सहित स्वयं उपस्थित हुनु पर्ने छ।

४. **उम्मेदवार छनौटका आधारहरु :** लिखित, मौखिक एवम प्रयोगात्मक ( अवश्यकता अनुसार )।

५. **तलब स्केल :** आरुघाट गाउँपालिकाले तोके वमोजिम।

६. **सेवा करार अवधि :** सुरु ६ महिना र त्यस पछि निर्णयअनुरुप हुनेछ।

७. **उमेर हद :** लोक सेवा आयोगले तोके वमोजिम प्रचलित नियमअनुसार।

२०७७/६/८

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत